नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
यातायात व्यवस्था विभाग
मीनभवन, काठमाण्डौ।

फोन ४४७४९२१ (एक्सचेन्ज)
४४७४७६८ (महानिर्देशक)
४४७४७६७ (निर्देशक प्र.)
४४७४९२२ (फ्याक्स)
Email: trans@dotm.gov.np
Website : www.dotm.gov.np

च. नं. :- ८८९

नेपाल सरकार पूर्वाधार विकास मन्त्रालय यातायात व्यवस्था विभाग मीनभवन, काठमाण्डौ

बिषयः- सार्वजनिक यात्रुवाहक सवारी चालक, होटल/रेष्टुरेन्ट व्यवसायी एवं यात्रुहरुलाई सूचना।

सार्वजनिक यात्रुवाहक सवारी साधनहरुमा यात्रा गर्ने यात्रुहरुको लागि खाजा, नास्ता र खाना खुवाउनको लागि रोकिने होटल/रेष्टुरेन्टहरुमा सरसफाईको कमि, बासी, झिगां भन्केका र न्यून गुणस्तरका खाना उपलब्ध गराउने र अत्यधिक मूल्य लिएको भन्ने व्यापक जनगुनासो आएकोले सो सम्बन्धमा छलफल गर्न पूर्वाधार विकास मन्त्रालयमा भएको सम्बन्धित निकायहरुको बैठक बसि निर्णयहरु गरिएकोले तपसिल बमोजिम गर्न/गराउन हुन सबैमा यो सूचना जारी गरिएको छ।

१. सार्वजनिक यात्रुवाहक सवारी साधनको चालकले सफा, स्वच्छ र गुणस्तरीय खाना पाउने स्थानका (सम्भव भएसम्म खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको खाद्य स्वच्छताको स्टिकर टाँसिएको) होटल तथा रेष्टुरेन्टहरुलाई उच्च प्राथमिकता दिई खाजा, नास्ता र खानाको लागि रोक्नुपर्नेछ।
२. होटल तथा रेष्टुरेन्टले उपलब्ध गराउने खाजा, नास्ता र खाना न्यून गुणस्तर भएको कारणले यात्रुहरु बिरामी भएको भन्ने गुनासोको सम्बन्धमा सम्बन्धित निकायहरुले सूक्ष्म निगरानी गरिरहेकोले सबै सरोकारवालाहरुलाई सतर्क रहन अनुरोध गरिन्छ। यदि ति होटल/रेष्टुरेन्टहरुमा खाजा, नास्ता र खानाको कारणले यात्रुहरु बिरामी भएको पाईएमा सम्बन्धित सवारी चालक र होटल/रेष्टुरेन्ट संचालकलाई प्रचलित कानुन बमोजिम कडा कारवाही हुनेछ।
३. होटल/रेष्टुरेन्टमा खाजा, नास्ता र खानाको स्वच्छता र गुणस्तरमा कमि पाईएमा र मूल्यमा ठगी भएको पाईएमा सम्बन्धित यात्रुहरुले नेपाल प्रहरीको हेल्पलाईन नं. १०० मा फोन गरी जानकारी गराउनुहुन वा सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा जिल्ला प्रहरी कार्यालय वा जिल्ला ट्राफिक प्रहरी कार्यालय वा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग वा सो अन्तर्गतका नजिकका कार्यालयहरुमा सम्पर्क गरी जानकारी गराइदिनु हुन सम्पूर्ण यात्रुहरुमा अनुरोध गरिन्छ।

२०७३/०६/२७

मणि राम भुसाल
निर्देशक (प्रा.)